नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाण्डौ

# गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कुलेश्वर, काठमाडौंका बचतकर्ता, ऋणी, सञ्चालक तथा सरोकारवालाहरुलाई जरुरी सूचना

सहकारी ऐन २०७४ को दफा १०४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८०/१२/१३ को निर्णयबाट समस्याग्रस्त घोषणा भै सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न यस समितिसमक्ष लेखि आएकोमा सोहि ऐनको दफा १११(१) बमोजिम सो सहकारी संस्थाको सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीको अधिकार स्वतः निलम्बन हुने हुँदा निम्नानुसारको व्यहोरा सम्बन्धित सबै को लागि जानकारी गराईन्छ ।

- सञ्चालक तथा कर्मचारीले सो सहकारीसँग सम्बन्धित सम्पूर्ण कागजात तथा सम्पत्तिहरु यस समिति समक्ष बुझाई कार्यालय बन्द गर्नुको साथै कुनै पनि कारोवार नगर्नु नगराउनु हुन ।
- सञ्चालक र कर्मचारीले यस समिति समक्ष उपस्थित भइ आवश्यक सहयोग गर्नु हुन ।
- ऋणी सदस्यहरुले यस समितिमा सम्पर्क राखी ऋण भुक्तानी गर्नु हुन साथै साविक सञ्चालक/कर्मचारीसँग भुक्तानी सम्बन्धी कारोवार नगर्नु हुन ।
- बचत कर्ताहरुले बचतसँग सम्बन्धित सम्पूर्ण प्रमाणहरु सुरक्षित राखी यस समितिबाट मागदावी निवेदन आवेदनको सूचना जारी भए पछि यस समितिसमक्ष निवेदन पेश गर्नु हुन ।
- समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि समितिको कार्यालयसँग मात्र काम कारवाही गर्नु हुन ।
- विस्तृत एवं अद्यावधिक सूचनाको लागि यस कार्यालयको Website- coopmc.gov.np हेर्नु हुन ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाण्डौ

# गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको बचतको अनलाईन मागदावी आवेदन पेश गर्ने बारेको सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/१२/२७**

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०८०/१२/१३ को निर्णयानुसार गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कुलेश्वर, काठमाडौंलाई सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम उक्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएकोले सहकारी ऐन, २०७४ को दफा ११२ बमोजिम समस्याग्रस्त संस्था वा संघका सदस्य बचतकर्ता तथा साहुहरुलाई आफुले पाउनु पर्ने रकमको यस समितिको वेवसाइट coopmc.gov.np मा गइ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अनलाईन मागदावी आवेदन मार्फत सप्रमाण दावी पेश गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको नाममा यो सूचना प्रकाशित गरिएको छ ।